# पौरस्त्य परम्पराका केही दार्शनिक पद्धति

*परशुराम कोइराला**

**SHIKSHYA SANDESH**
A Peer-Reviewed Multidisciplinary Journal, Indexed in NepJOL
ISSN: 2645-8721 (Print)
Year 13, Vol. 6, December 2023, pp. 14 - 18

**Published by**
Tribuvan University
Prithvi Narayan Campus
Faculty of Education
Pokhara, Nepal
E: shikshyasandesh@pncampus.edu.np
URL.: www.pncampus.edu.np

*Lecturer, Prithvi Narayan Campus, Tribhuvan University, Pokhara
Corresponding email:
*prkoirala2023@gmail.com*

**Article History**
Submitted: 6 April 2023
Reviewed: 5 September 2023
Accepted: 7 October 2023

DOI:

Copyright information:Copyright 2023 Author/s and faculty of Education, Prithvi Narayan Campus Pokhara, Nepal

This work is licensed under a Creative Commons Attribution- Non-Commercial 4.0 International License.

## सार

*दर्शनलाई नवउल्लास, नवआकाङ्क्षा र नयाँ प्राप्ति साधनाको नियमित अविरल प्रक्रिया मानिन्छ । प्रशस्त विदृत विमर्शबाटै सजीव परम्परा र चिन्तनको विकास सम्भव छ । हिन्दु, बौद्ध, जैन, लोकायत सन्दर्भादि पौरस्त्य दर्शन परम्पराका निरन्तरता मानिन्छन् । आस्तिक र नास्तिक गरी दुई धाराका दर्शन पौरस्त्य परम्परामा देखिन्छ । यिनै चिन्तनमा आधारित भएर यो लेख तयार गरिएको छ ।*

***विशेष शब्द :*** *पौरस्त्य, गोलार्ध, भौतिक-अभौतिक, इन्द्रियगत, सत्कार्यवाद*

## विषय परिचय

पृथ्वीका दुई गोलार्धअन्तर्गत् एसिया, अफ्रिका, युरोप, अस्ट्रेलिया, अन्टार्कटिका क्षेत्रका चार महाद्वीप र कोलम्बसले पत्ता लगाएको उत्तरी दक्षिणी अमेरिकाको नयाँ दुनिया वा नव गोलार्धीय भूक्षेत्रका विशेषताहरू फरक छन् । ग्रीसेली, रोमनेली प्राचीन परम्पराले एसिया र युरोप दुई भूक्षेत्रका चर्चा गऱ्यो । विशेषतः युराल पर्वतमालाले छुट्याएका आधारमा यो निर्मित अवधारणा अनुरूप अहिलेको विश्वमा युरोप, अमेरिका, अस्ट्रेलियालाई पाश्चात्य र अरबी, फारसी, भारतवर्षीय र चिनिया सभ्यतालाई पौरस्त्य परम्परा मानिन्छ । त्योमध्ये पनि संस्कृत दर्शन, परम्परा, साहित्यशास्त्रीय दार्शनिक पद्धतिलाई पौरस्त्य दार्शनिक पद्धति मान्ने चलन पनि हामीकहाँ छ । यसै सन्दर्भमा पौरस्त्य परम्पराका केही दार्शनिक पद्धतिको खोजी गर्नु प्रस्तुत अध्ययनको उद्देश्य हो । अध्ययनमा गुणात्मक विधि र व्याख्यावादी दर्शनको उपयोग गरिएको छ ।

## पौरस्त्य दार्शनिक परम्परामा दर्शन

दर्शनले सधैँ नयाँ दिशा समाउँछ । जीवनदर्शनका मूल्य आकाङ्क्षासहित इतिहास, वर्तमान र भविष्यद्योतक बौद्धिक निष्कर्षको सार दर्शन हो । विचार, कार्यकारण सम्बन्ध, नवज्ञान, भौतिक-अभौतिक तत्त्वहरूका वास्तविकता, इन्द्रियगत अनुभूति, आत्मा, ईश्वर-अनिश्वर धर्म र सत्यका खोजीमा दर्शनबोधबिना मानवीय चक्षु उघ्रन कठिन छ । इतिहास दर्शन र हिन्दी साहित्य पृष्ठभूमि, प्रभाव, पुनर्जागरण काल, द्विवेद्वी युग (जागरण सुधार काल) का बारेमा नगेन्द्रका विवेचना आधारमा पनि पौरस्त्य परम्परा आफैमा उर्वर छ (नगेन्द्र, ई.सं. १९९१:४४७-४४८६) । पौरस्त्य दर्शन परम्परामा प्रयोगमूलक र प्रागनुभव ज्ञानका आधारमा प्रकृति, ईश्वर, जीवनजगत्, वस्तु र चेतनाको विवेचन, विश्लेषण, सुख शान्तिको खोजी गर्ने र सुखको मूलकारण ज्ञान वा विद्यामा देख्ने ज्ञानशास्त्र दर्शन हो । ज्ञानको प्रकृति, ज्ञान सम्बन्धि निष्कर्षात्मक अवधारणा युक्त नयाँ दिशानिर्देशक विश्व दृष्टिकोण वा बुद्धि र ज्ञानको स्रोत दर्शन हो । प्राचीन संस्कृति र संस्कार बुझ्नु द्वन्द्ववादका नियम घोग्नु मात्र दर्शन बोध होइन । यो वर्ग र जीवन व्यवहारमा लागु हुनुपर्ने दिशानिर्देशकारी बौद्धिक, निष्कर्ष उपज पनि हो । संसारलाई हेर्ने, बुझ्ने र फेर्ने ज्ञान विशिष्टताको चिन्तनलाई पाश्चात्य परम्परामा जस्तै पौरस्त्य परम्परामा पनि स्वीकारिएका छन् (कोइराला, २०६५, पृ. लेखकीय) । दर्शनले विज्ञान र समयानुकूलतालाई आधार बनाउँछ । १५००-१००० ई.पू.को वेद मान्ने वा नमान्ने आधारमा पौरस्त्य दर्शन पनि १. आस्तिक, २. नास्तिक दुई हाँगामा विभाजित छ ।

## ज्ञानको प्रकृति

ज्ञान के हो ? ज्ञानसम्बन्धी अवधारणा, ज्ञानका प्रकार (प्रयोगमूलक र प्रागनुभव), ज्ञानका स्रोत आदि बारेका पौरस्त्य धारणा आफ्नै देखिन्छन् । जिज्ञासा, अभ्यास र संवाद क्रमकै मानव प्रयासद्वारा प्राप्त गरिने आर्जनलाई ज्ञान मानिन्छ । मानवीय ज्ञान र सामाजिक व्यवहारलाई पौरस्त्य अवधारणाले (क) अपरा, (ख) पराअध्यात्म विधा विद्यमान यस्मित ज्ञाते सर्वीमिदं विज्ञान भवति भन्दै ज्ञानका दुई सीमा निर्धारण गर्दै आएको छ। या लोकद्वय साधनी चतुरता सा चातुरी चातुरी। तत्रापरा, यजुर्वेद, सामवेदो ऽथर्ववेद : शिक्षाकल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति। अथपरायया तदक्षरमधि गम्यते (मुण्डक ५)। आदि सन्दर्भका कोणबाट पौरस्त्य दार्शनिक परम्परालाई बुझ्नुपर्ने हुन्छ।

नियतिवाद (प्रारब्ध/भाग्यवाद) सँगै पेटालिजम (नियतिवादका ठिक विपरीत समालोचनात्मक चिन्तन, भौतिकवादी अवधारणा, दुष्टकारणको अन्वेषण, अदृष्ट (अदृश्य) कारणको खोजी विरुद्ध दृष्ट (देख्न सकिने) कारणको खोजीसमेत पौरस्त्य ज्ञानपरम्परामा भएका छन्। कवि, ऋषिमुनि मनिषिबाट आरम्भ मानिने दर्शनबीजको मन्त्रकाल (सुरुदेखि एकहजार इस्वीसम्म) का अनेक चरणहरू पनि पौरस्त्य दार्शनिक पद्धति विकासका महत्त्वपूर्ण मानिँदै आएको आधारमा -

क) दर्शनबीज काल (मन्त्र काल- सुरुदेखि १००० ई.पू. सम्म)

ख) वेदाङ्ग काल/ब्राह्मणादि काल (ई.पू. १००० देखि ई.पू. ५०० सम्म)

ग) विशेष दर्शन काल (ई.पू. ५०० देखि ईसाको प्रथम शताब्दीसम्म)
यो खास गरी सूत्रकाल हो । यसअन्तर्गत् १. सांख्यसूत्र (पुरानो) २. वैशेषिक ३. न्यायसूत्र ४. मीमांसा ५. वेदान्त ६. अन्तिम योग आदि दर्शनआरम्भ यसै कालमा भएका हुन् ।

घ) भाष्यकाल (ईसाको प्रथमदेखि ५ औँ शताब्दी) : महाभाष्य, न्यायभाष्य (वात्स्यान भाष्य), प्रशस्त पादाचार्यका वैशेषिकभाष्य अपूर्ण र अप्राप्य भाष्य मानिन्छ। पुराना 'शावर' आदि भाष्यकालदेखि कै प्राप्तिहरू हुन् । दर्शनकालपछि व्यासभाष्य र विज्ञान भिक्षुका साङ्ख्य प्रवचन भाष्य, ब्रह्मसूत्र भाष्य, अनेक भाष्य परम्पराका प्रचलन पौरस्त्य दार्शनिक परम्परामा देखिन्छन् ।

ङ) व्याख्याकाल/रचना काल : (छैटौँदेखि १७ औँ शताब्दी)

अनेक दर्शनका अनेक सूत्रभाष्य र वार्णित लेखकहरूका यो समय पौरस्त्य पद्धति परम्परामा महत्वपूर्ण देखिन्छ। मानवतावाद र नैतिक जीवनप्रतिलक्षित अर्थमा जीवनलाई बुझ्ने, मानवीय र प्राकृतिक मूल्यबाट उत्तरदायित्व स्वीकारोक्तिसहित हिन्दु धर्मदर्शनका वैदिक वाङ्मयमा विकसित वेद, उपनिषद्, वेदान्त, बौद्ध, जैन, सिख आदि, चिनिया जापानिज परम्पराका कन्फ्युसिस, ताओ, सिन्तो आदि चिन्तन निर्माण आधारहरू (जनकपुरी, २०७९, पृ. १४५) निर्माणमा यसै व्याख्याकालले निर्माण गरेका मतहरू भेटिन्छ।

## भारतीय दर्शन

प्राचीन ब्राह्मण दर्शन १००० देखि ६०० ई.पू. नै भारतीय दर्शनको आरम्भक समय मानिन्छ । ई.पू. छैठौं शताब्दीमै युरोप र भारतीय दर्शनको प्रारम्भ समय लगभग एउटै देखिन्छ । वेदका विभिन्न मौखिक मन्त्रहरूको अस्तित्व यो चरणमा देखिन्छ । वेदलाई आर्यहरू भारतमा आउनुअघि सिन्धु उपत्यकाको मसोपोटामिया (एसिरिया) का एक सभ्य जाति अर्थात् मानव जाति बस्थे। त्यस जातिले प्रयोग गर्ने मौखिक कथनका रूपमा, पितृसत्तात्मक समाज उपजका रूपमा लिने प्रचलन रोमन र जर्मन सभ्यतामा समेत देखिन्छ (साङ्कृत्यायन, २०७३, पृ. २७५) । आर्यहरूको साहित्य र कालका विषयमा राहुल साङ्कृत्यायनले दर्शनादिग्दर्शन पुस्तकमा जर्मनहरूका सभ्य, संस्कृत रोमनहरू र उनीहरूका विशाल साम्राज्यले सिन्धु उपत्यकाका नागरिकहरूलाई परास्त गरेर ई.पू. १८०० तिरै आफ्नो प्रभुत्व स्थापित गरेकाबारे विषद चर्चा गरेका छन् । हिन्दु युरोपेली एउटा शाखा युनानीहरूले त्यतिबेलै भूमध्यीय जातीय निवासीहरूलाई हटाएर युनानमा प्रभुत्व स्थापित गरेका थिए । उनले जैमिनी ३०० इ. का अनुसार आर्यहरूको प्राचीन साहित्य वेद मन्त्र र ब्राह्मण गरी दुई भागमा विभाजन गर्दै मन्त्रहरूको सङ्ग्रहलाई संहिता मानेका छन् । ऋग यजु, साम र अथर्वका आफ्ना आफ्ना मन्त्रसंहिताबारे उनको चर्चा विषद् देखिन्छ। ऋग्वेदका मन्त्रकर्ता सर्वप्राचीन पुराना विश्वामित्र, वशिष्ट, भारद्धाज गौतम (दीर्घतमा), अत्रि मानिन्छन्। सम्पूर्ण वेद छसात पुस्ताका (अङ्गिरा, बृहस्पति (१५२० ई.पू.), भारद्वाज (१५०० ई.पू.), विदथी, नर (१४६० ई.पू.) सङ्कृति (१४४० ई.पू.), गौरवीति र रन्तिदेव (१४२० ई.पू.) का ऋषिहरुको कृति हो। (साङ्कृत्यायन, २०७३ : २७७)।

ईश्वरका बारेमा पौरस्त्य जगत् ईश्वरलाई सर्वेसर्वा देख्न, ऋषि वा कुनै देवताको स्तुति, गुणप्रशंसा गर्न' ऋग्वेदका पछिल्ला मन्त्रहरूका विशेषता हुन् । बहुदेववादबाट एक देववादतर्फ समाजलाई डोऱ्याउनु पितृसत्तात्मक समाजका सामन्त,राजा उनीहरूका निरङकुशता, देवव्यक्तिहरूको तर्क, सामाजिक नियमहरूको उद्घाटन, ब्राह्मणहरूको भूमिका आदिलाई जोड दिँदै ब्राह्मण ग्रन्थहरूको माध्यमबाट उपनिषद्कालमा देवता र ऋग्वेद आदिको चर्चा देखिन्छ। आत्मा र दर्शनका बारेमा पनि उपनिषद् कालसम्म आइपुग्दाका मतहरू मुक्ति र परलोकका विषय वा लोकविश्वास, सृष्टिका ब्रह्मसम्बन्धी विश्वासहरू हुन् । उपनिषद्काल (६००-

५०० ई.पू.) को समयचेत हिसाबले संज्ञान, ज्ञान, विज्ञान, प्रज्ञान, मेघा, दृष्टि, धृति, मनिषा, जुति, स्मृति, सङ्कल्प, ऋतु, असु, काम, वशजस्ता प्रज्ञान क्षेत्रमा महत्त्वपूर्ण भूमिका तत्कालीन साधकहरूको देखिन्छ । सृष्टिकर्ता ब्रह्मा र आचार्य उपदेशका विषयमा आत्मा र मुक्ति एवं त्यसका साधन आदि विषयमा समेत उपनिषदहरूमा विषद चर्चा पाइन्छ (साङ्कृत्यायन, २०७३, पृ. ३१८) । जीव र ईश्वरलाई प्रकृतिसँग जोड्ने उपनिषद्कालीन चिन्तन बुद्धकालीन समयको पनि विशेषता हो । शैव वाद, ईश्वर वा ब्रह्मलाई शिव, रुद्र, महेश्वर अर्थात् हिन्दुहरूका तीन देवता स्थापित गर्ने ईश्वर र ब्रह्मलाई सृष्टि वा मुक्तिको कारणसँग जोड्ने चिन्तन हो । उपनिषद्कालीन दार्शनिकहरू प्रशस्त छन् । वेद समग्रमा धर्म दर्शन र चेतना दर्शनका उद्देश्यले महत्त्वपूर्ण मानिन्छ ।

षडदर्शनका सन्दर्भमा ः क) अनिश्वरवाद - ईश्वर वा वेद नमान्ने

१) बुद्धिवाद (अनात्मवाद र आत्मवाद/वैशेषिक) । अनात्मवादका दुई शाखा- अ) भौतिकवाद (चार्वाक दर्शन) आ) अभौतिकवाद (बौद्ध)/बौद्धका ४ भेद (सवार्थ/सर्वास्तिवाद), ब्रह्मार्थ (सौतान्त्रिक), विज्ञान (योगाचार), शून्य (माध्यमिक) ।

२) स्यादवाद (जैन)

३) शब्दवाद (मीमांसा)

ख) ईश्वरवाद- वेदलाई मान्ने, ईश्वर स्वीकार्ने ३ दर्शन (न्याय, जैन, वेदान्त) ।

पौरस्त्य परम्पराका स्थापित ६ वटा मुख्य केही दर्शनहरू निम्न छन् ः

१. **साङ्ख्य दर्शन** ः भौतिकवादका पर्याप्त लक्षण र द्वन्द्ववाद निकट बुद्धपछिका महर्षि प्रणेता एसियाली दर्शनशास्त्रकै अग्रज कपिलको गुरुशिष्य परम्पराको साङ्ख्य दर्शनलाई षडदर्शन अन्तर्गत जेठो र ई.पू. छैठौ र सातौ शताब्दीमा अस्तित्वमा आएको दर्शन मानिन्छ । भागवत् गीता, महाभारत, चरकसंहिता, मनुस्मृति (पौराणिक ग्रन्थहरू) उपनिषदहरूमा समेत साङ्ख्य विचारहरू भेटिनुले सर्वप्राचीन र उपनिषदभन्दा जेठो दर्शन मानिन्छ (रेग्मी, २०७६, पृ. २०१) । यस तर्फमा पखर्तीहरु पार्न सहमत देखिन्छन् ।

कपिलमुनि नेपालभूमि कपिलवस्तुका वासिन्दा हुन् (आचार्य, २०७६, पृ. १४६) । स्वेताश्वरका ठूला ऋषि, भागवत्मा विष्णुका २४ औं अवतार, बुद्ध र महावीरका उपदेश सङ्ग्रहित गर्ने उपनिषद दर्शनले भनेझैं ब्रह्म र आत्मालाई सर्वेसर्वा नमान्ने प्रकृति र अनेक चैतन्य पुरुषलाई मुख्य तत्त्व मान्ने सत्कार्यवादका प्रबर्द्धकसमेत मानिने कपिल बौद्ध, न्याय, वैशेषिक दर्शनबाट अलग हुन खोज्ने मत उनका सत्कार्यवादमा भेटिन्छ । असत् भनेको सत्तारहित चिजमा हुँदैन । वस्तुको उत्पत्तिसँग द्वन्द्ववादी अस्तित्वको सम्बन्ध जोड्ने उनको चिन्तन द्वन्द्ववादबाट टाढा देखिन्न । सत्कै उत्पत्तिको सिद्धान्त आस्तिकअन्तर्गत् साङ्ख्य, वैशेषिक, मीमांसा, न्याय, योग, वेदान्त मध्येका महर्षि कपिलको मुख्य साङ्ख्य दर्शन कृष्णको साङ्ख्यकारिता (साङ्ख्य सूत्र/सूत्र ग्रन्थ) महाभारत युद्धअघिको प्रमाण देखाउने चिन्तन हो । यस अन्तर्गत्को सत्कार्यवाद कारणको अस्तित्वबिना कार्य जन्मन्न भन्ने चिन्तन हो (आचार्य, २०७६, पृ. १४६) । प्रकृति, पुरुष र प्रकृतिका परिवर्तित रूप (विकृति) समेत गरी साङ्ख्यका २५ तत्व छन् । प्रकृतिको अर्थ आफै बनेका, पुरुषको अर्थ प्रकृतिको ज्ञाता (चेतन तर सत्व, रजस्, तमस् शून्य, अपरिणामी), ईश्वरबाट जगत् सृष्टि भएको प्रमाणित नदेख्ने द्वन्द्ववादी चेतसहितको साङ्ख्य दर्शन भौतिकवादी द्वन्द्ववादमा आधारित छ । प्रलयद्वारा जगत् विनाश हुन्छ र फेरि नयाँ सृष्टि जन्मन्छ भन्ने यसको धारणा देखिन्छ ।

## नास्तिक दर्शन

वेदको अस्तित्व स्वीकार नगर्ने, ईश्वर नमान्ने, चार्वाक, जैन आदि नास्तिक दर्शन हुन् ।

**क) चार्वाक** ः प्रत्यक्ष मात्र प्रमाण मान्ने देहात्मवादी, प्रामादिक, पूर्वपक्ष कल्पना, बहिस्पत्य, कौलिक, लोकायत चिन्तनमा आधारित हुनु चार्वाक दर्शनको विशेषता हो । यसमा पृथ्वी, जल, तेज, वायु चार प्रमेय हुन्छ । जडबाट चेतनको उत्पत्ति हुन्छ भन्ने चार्वाक दर्शन समग्रमा ईश्वर नमान्ने दर्शन हो ।

**ख) जैनदर्शन** ः ऋषभदेवदेखि महावीरसम्मका २४ तीर्थशङ्कर (स्यादवाद, अनेकान्तवाद, आत्मपरिणामी, कर्मप्रधान, अनुशासन), प्रत्यक्ष, अनुमान र आगम तीन प्रमाण मान्ने जीव, अजीव, आश्रव बन्ध, संवर, निर्जर, मोक्ष (पाप, पुण्य) सवालमा ईश्वर नमान्ने इ.पू. ३०० सेरोफेरोका मीमांसा चिन्तकहरू जैमिनी र उनीपछिका गुरुकुमारिलहुँदै प्रभाकर आदिबाट जैन दर्शन विकसित देखिन्छ ।

## मीमांसा दर्शन

जैमिनीद्वारा प्रणीत शब्दवादी, निरीश्वरवादी, वस्तुवादी, प्रत्ययवादी दर्शन हो । वेदभाष्यमा अनुमान, तर्क, वितर्कद्वारा वस्तु/विषयको मूल तत्व भेट्ने कर्मबाट फल प्राप्त हुन्छ भन्ने चिन्तन, मनन, बहस, कर्म वा पद्धति नै मीमांसा मानिन्छ । वेदान्त सूत्र वा ज्ञान काण्डलाई उत्तरमीमांसा र जैमिनीका कर्मकाण्ड वा मीमांसालाई पूर्वमीमांसा भनिन्छ । वेदान्त दर्शनमा ब्रह्म जिज्ञासा र धर्म जिज्ञासाको रूपमा कर्मकाण्डलाई बलियो पार्ने उद्देश्यमा मीमांसा केन्द्रित छ । कणाद पनि धर्मको व्याख्या सन्दर्भमा सूत्र ग्रन्थका प्रयोजन सन्दर्भमा

मीमांसावादी चेत प्रकट गर्छन् । मीमांसा पनि लामो इतिहास भएको, वेद-वैदिक यज्ञसँग सम्बन्धित आस्तिक, सनातन परम्परा, धर्मदर्शन सिद्धान्त, भाषाशास्त्र, कर्मकाण्ड, कानुन, शास्त्रदीपिका, टीका, तन्त्ररत्न व्याख्या पाइने दर्शन हो । तत्व मीमांसा (पदार्थ मीमांसा)- पदार्थ जगत् वा वस्तु रचना र सञ्चालनको आधार हो भन्ने यथार्थवादी र बहुत्ववादी चिन्तन मीमांसीय दृष्टिउपज मानिन्छ ।

## वेदान्त

वेद संहिताहरूमा अनेक प्रकारका प्राकृतिक देवहरूका स्तुति, नैतिक चारित्रिक हजारौँ शिक्षा उपदेश, पृथ्वी, जल, तेज, वायु, प्राण, आदित्यमय व्रह्म, आदिव्यमय पुरुष हिरण्य गर्भजस्ता अनेकौँ प्राकृतिक तत्त्वहरूको वर्णन पाइन्छ । अग्नि, वायु, सूर्य, त्रिदेवतासँगै अग्नितत्त्व (एक देवता) र बहुदेवस्तुति, प्रसङ्ग, पृथ्वीमाता, गौमाता र धुलोक (आकाश/स्वर्ग) जल, वनस्पति सम्बन्धित अनेक सूक्तिहरू सूर्य/ रुद्र, इन्द्र प्रजापति सम्बद्ध सूक्ति, वायु/ प्रजन्य सूक्ति, अहिंसा सम्बद्ध, माधुर्य सम्बद्ध सूत्र, अभय शत्रुशून्यता शक्ति /सामर्थ्य/ विजय दीर्घायु अमरता, गति, क्रियाशीलता, प्रयावरणीय सुखशान्ति, प्रकृतिपूजा, सुनति, सत्बुद्धि, सत्मार्ग,चारित्रिक शुद्धता, गृहस्थ जीवनपद्धति मैत्री बन्धुत्व नारीसम्बद्ध सूत्र, विश्ववन्धुत्व राष्ट्रियता, सामाजिक सुख आनन्द सौभाग्य, साँस्कृतिक व्यवहारिक शैक्षिक उपयोगिता आदि सम्बद्ध सूत्रहरू वेदका अन्तर्यहरू हुन् । व्राह्मण ग्रन्थका मूल प्रतिपाद्य यज्ञ र समर्पण भाव, उपनिषद्का मूल प्रतिपाद्य ब्रह्म विद्या र अविद्याका विविध अर्थ, संहिताका प्रधान्य र प्राकृतिक तत्त्व (अग्नि, वायु, सूर्य) वर्णन, पूजा आत्मवर्णन आदि वेदका मुख्य अन्तरवस्तु हुन् । वेद-वेदाङ्गका अन्तरसम्बन्ध युवा युवतीको विवाहयोग्य उमेर, सतीप्रथा र गरुडपुराण, पद्मपुराण, रुद्रतारा, विष्णु पुराण, आदि पुराणहरूका (वेद-वेदाङ्ग, उपाङ्गहरूका) आधार वेद संहिता नै मानिन्छ ।

## योग दर्शन

संस्कृतको युज् धातुमा धञ् (अ) प्रत्यय निर्मित योग द्वन्द्वरहित मिलन अर्थमा देश, काल, परिस्थितिजन्य अर्थमा प्रयोग हुदै आएको छ । पाताञ्जलको योगसूत्र (१।२) ले चित्तवृत्तिको निरोध अर्थमा यसलाई लिने गरेको छ । समत्वबोध योगको उच्च अवस्था हो । गीतादर्शनले कुशलतापूर्वक कार्य पूरा गर्न' योग मान्छ । पृथ्वीमा जीव सम्भवकाल सुरु भएदेखि नै जीव, जीवजगत् का मौलिक उच्चतम सम्भावना र दृष्य-अदृष्य सत्ता अनुभूतिमा विराट आनन्दभोग, बाह्य र अन्तर्जगत् द्वन्द्वरहित पदार्थ र चेतना मेल क्रममा योगको इतिहास अभिर्भाव भएको मानिन्छ । फिजिक्स, क्वान्टम फिजिक्स, जिन, जेनेटिक विज्ञान, सेल, सेमसेल, जैव रसायन, शरीर रचनाक्रिया विज्ञान, चिन्तनचातुर्यजन्य आफूभित्र-बाहिरको दैनन्दिन कोष-कणहरुका अन्तर्सम्बन्धबाट विकसित तेस्रो आयाम योग हो (पोखरेल, २०७६, पृ. १३१) । प्रकृति जीवजगत्का परिवर्तन रहस्यसँग पञ्चतत्व र कर्मेन्द्रिय (आँखा, नाक, कान ....) का गुणरहस्य मानव रहस्य क्रियाको अमरत्व क्रिया वेदकालीन योगी महर्षि ज्ञान-विज्ञान सभ्यतादेखि नै निरन्तर छ । ई.पू. दोस्रो शताब्दीका मानिने पतञ्जलीका योगभाष्य व्यास (ईसाको चौथो शताब्दी) आदिको साधना र सामाजिकरण प्रयत्नले वैदिक परम्परामा हिरण्यगर्भ, व्यासभाष्यका टीकाकार वाचस्पति मिश्र, विज्ञान भिक्षुको समर्थन पाइने योग दर्शन वेदपछिका उपनिषद् कालीन महाव्रत, तप, उपवास, ब्रह्मचार्य, इन्द्रियनिग्रह, मौनता, अहिंसा, सत्य, अस्तेय, शौच, सन्तोष, स्वाध्याय, ईश्वरमणिधान, अनुशासन र विकास रूपान्तरण नाथ परम्परामा पनि विकसित छ । यौगिक जीवनशैली र स्वास्थ्य, लोकायत, सभ्यता, परम्परा आदिमा समेत विभिन्न रूपबाट हालसम्म र भविष्यमा समेत योगदर्शन प्रभावकारी देखिन्छ ।

न्याय र मीमांसा दर्शनका दार्शनिक आधारहरूमा वैभव र प्रभाव पौरस्त्य परम्परामा शक्तिशाली नै मानिन्छ । न्यायदर्शनमा पदार्थ विवेचनप्रधान चिन्तन र मीमांसा दर्शनमा वैदिक प्रतिपादक पद्धतिहरू स्थापित भएका छन् । प्रमाणशास्त्रीय न्यायदर्शन विश्वविख्यात छ । मीमांसादर्शन, वेदार्थ विचार, विवेचनकेन्द्रित वाक्यशास्त्र नामबाट प्रख्यात छ (भट्टराई, २०७२, पृ. ५७) । न्यायदर्शनका सूत्रलेखक अक्षपात गौतम हुन् । न्यायका भाष्यलेखक वात्स्यान हुन् । न्यायका वार्णित लेखक भारद्वाज उद्योतकर हुन् । प्रमाणहरूद्वारा पदार्थहरूका परीक्षण गर्नु न्याय मानिन्छ । प्रमेय तत्त्वका साधक ज्ञानका साधनहरू नै न्याय सूत्रका र महर्षि गौतमले प्रथम पदार्थ प्रमाण मानेका छन् । ब्रह्मसूत्र जैमिनीसूत्र, कपिलसूत्र, पाञ्जाल सूत्र, षडदर्शनमा प्रयोग भएका छन् । न्यायदर्शनमा तर्कपद्धति निर्णायक छ । तर्कसङ्ग्रह, तर्कभाषा, तर्कमृतम, तार्किकरक्षा, तर्कप्रकरणम्, तर्करहष्यम् आदि तर्कसङ्ग्रह वा तर्कशास्त्रका चर्चाक्रिममै आठौँ पदार्थका रूपमा तर्कका उपदेश यसमा देखिन्छ । यस क्रममा प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र नियमन गरी पाँच अवयवका प्रयोग गरिएको छ । यी पाँच समुदाय नै न्याय भएको र सोह्र पदार्थ प्रतिपादक सूत्रका रूपमा न्यायदर्शन देखिन्छ । हरेक वस्तुको विवेच्य वस्तुतत्त्वका विवेचन गरी निर्णयनिष्कर्षमा पुग्न यी पाँच अवयवलाई नैयायिकहरू उपयोगी मान्छन् पनि । साध्यसाधन सम्बन्धमा अनुकूल र प्रयोजकद्वारा व्यक्तिज्ञानको तर्कलाई उपकारी देख्नु नै न्यायदर्शनको निष्कर्ष मानिन्छ । नैयायिकहरूद्वारा तर्कलाई प्रमाणित प्राप्तिका आधार मान्दछन् ।

## वैशेषिक दर्शन

महर्षि कणाद (औलुक्य) (ई.पू. ३००) को यो दर्शन भौतिकवादी प्रवृत्तिको भएपनि यसको सारचाहिं अध्यात्म हो । न्याय-वैशेषिकका

प्रायः मत मिल्ने हुँदा न्याय-वैशेषिकलाई संयुक्त नामबाट समेत चिन्ने चलन छ। कणादका परमाणुवादका सम्बन्ध युनानका डेमोक्रेटस (ई.पू. ४६०-३७० तिरका) सँग मिल्दछ (आचार्य, २०७६, पृ. १५३)। जगत्को निर्माण परमाणुहरू जोडिएर भएको मत ई.पू. ५७० देखि ५०० तिरै देखिएको मत पाइथागोरसका पनि देखिन्छ। एरिष्टोटलले तर्कशास्त्रमा उल्लेख गरेका द्रव्य, गुण, परिणाम, सम्बन्ध, दिशा, काल, आसन, स्थिति, कर्ममध्ये द्रव्य, गुण, कर्म र समन्वय (समवाय) चार पदार्थ कणादका सूचिमा पनि देखिन्छ। दिक् (दिशा) र काललाई द्रव्यमा र सङ्ख्या (परिणाम) लाई गुणमा राखेकाले पनि युनानी दर्शन र वैशेषिक बिच निकट सम्बन्ध देखिन्छन्।

## न्यायदर्शन

प्रशस्तपाद, उदयन, विश्वनाथ, अन्नं भट्ट आदिबाट विकसित हुन पुगेको न्याय दर्शनका मूल प्रणेता अक्षपात गौतम हुन्। प्रमाणद्वारा पदार्थको परीक्षण गरिने न्याय दर्शनमा पञ्चावयवमा आधारित न्याय वाक्यको विशेष अध्ययन गरिन्छ। न्याय वाक्य बौद्धिक ज्ञान (न्याय, प्रमाण) आधारित १६ पदार्थ (प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, अवयेव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति र निग्रहस्थान) केन्द्रित न्याय र नव्य न्यायको भौतिक जगत्लाई मुख्य मान्दछ। पदार्थ र गतिका अनेक नियमका अध्ययन विवेचना गर्ने पाश्चातय युनानी दर्शन, द्वन्द्वात्मक भौतिकवादी कार्लमार्क्स, फ्रेडरिक एंगेल्स, ब्ला.इ. लेनिन, माओत्सेतुङ आदिका दर्शनसँग पनि मिल्दो सम्बन्ध देखिन्छ (किरण, २०७९, पृ. ४२,४३)। वैशेषिकको संयम प्रक्रिया ज्ञानेन्द्रियसँग पदार्थको सन्निटीकरण हुने भौतिक प्रक्रियाको अस्पष्ट झलकजस्तो छ। पदार्थमा विपरित क्रियाद्वारा द्वित्व निवृत्ति हुन्छ भने ज्ञानमय स्वभाव त्यसको देखिन्छ अर्थात् पहिलो रूप, गुण नाशवान नभई दोस्रो रूप, गुण असम्भव छ।

## निष्कर्ष

वैशेषिकका सूत्रलेखक महर्षि कणाद हुन्। भाष्यलेखक प्रशस्त पाद हुन्। वार्णिक लेखक उपस्कर हुन्। वैशेषिक दर्शन भारतीय उपमहाद्वीपमा प्रचलितमध्ये पदार्थको विश्लेषण गर्ने कणादको आस्तिक दर्शन मानिन्छ। महर्षि कणादद्वारा रचित शास्त्र र महर्षि पाणिनिरचित शास्त्रबाट सबै शास्त्रहरूका उपकार हुने र अन्य शास्त्रहरूका मर्मबोधनिम्ति यी दुई महर्षिका दुई शास्त्रज्ञान हुनुपर्ने तर्कमा भर्तृहरिसमेत सहमत देखिन्छन्। कुनै पनि भाषा वा शब्दसँग नजोडिएको ज्ञान हुँदैन। शब्दका ज्ञानविना कुनै पनि ज्ञानको सम्भावना रहँदैन। ज्ञान सविषयक हुन्। निर्विषयक होइन। शब्द र अर्थ नै ज्ञान क्षेत्रका प्रमुख विषय हुन्। साङ्ख्य दर्शनका सूत्रलेखक कपिल र भाष्यलेखक विज्ञान मिश्र (साङ्ख्य प्रवचक) हुन्।

पूर्वमा ईश्वर, धर्म र ब्रह्म आदिसँग दर्शनलाई जोड्ने प्रयत्न गरियो। दार्शनिक सत्य प्रमाणित गर्ने क्रममा, सत्यं ज्ञान मनन्नं ब्रह्म, सत्य प्राप्ति नै ब्रह्मको प्राप्ति गर्न' हो भन्ने मान्यता महाभारत आदिपर्व ६८।७४, शकुन्तलोपाख्या (७४।१०२-१०५) मा सत्यमहिमा, सत्यधर्मच्युतम् पुसः क्रुद्धादाशी विषादिव। अनास्तिकोऽप्युद्धिजते जनः कि पुनरास्तिकः (आदिपर्व ४७।९७), उद्योग पर्वको यतातिपुत्र माधवीको कथा, शिविको सत्यनिष्ठा, हरिश्चन्द्रको सत्यनिष्ठा, सत्यनारायणका कथा, सत्यको निरुक्त निर्दिष्ट अर्थ, पातञ्जल योग सूत्र, व्यासभाष्य, वाचस्पति मिश्रको निर्दिष्ट सत्यता, महाभारतको शान्तिपर्वमा निर्दिष्ट सत्यमहिमा (जुन व्यासभाष्यसँग मेल खान्छ)। आत्मअनात्म आदि आधारमा दार्शनिक सत्यलाई वैज्ञानिक सत्यका आधारमा विश्लेषण देखिन्छ। पौरस्त्य परम्परामा अदृश्य र दृश्य कार्यकारण सम्बन्ध वा शृङ्खलामा विश्लेषण गर्ने परम्परा पनि छ।

## सन्दर्भ सूची


आचार्य, नारायणप्रसाद (२०७६), द्वन्द्ववाद र पौरस्त्य दर्शन, *दर्शनावली*-६, नेपाल प्रज्ञा-प्रतिष्ठान।

किरण, मोहन वैद्य (२०७९), *न्याय वैशेषिक दर्शन र द्वन्द्वात्मकभौतिकवाद,* दर्शनावली -९ प्रा. जगत् प्रसाद उपाध्याय 'प्रेक्षित' (सम्पा.), नेपाल प्रज्ञाप्रतिष्ठान।

कोइराला, परशुराम (२०६५), *दर्शन परिचय,* चिन्नेवास, मीना/संजीव/कुशल कोइराला।

जनकपुरी, रोशन (२०७९) *मिथिलामा आध्यात्मिक र भौतिक चिन्तन परम्परा,* दर्शनावली - ९, जगत्प्रसाद उपाध्याय 'प्रेक्षित' (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान।

नगेन्द्र र गुप्त, सुरेशचन्द्र (सम्पा.) (१९९१ ई.), *हिन्दी साहित्यको इतिहास,* सजिल्द संस्करण नेसनल पब्लिसिङग हाउस।

पोखरेल, हरिप्रसाद (२०७६), योगदर्शन, जीवनशैली र स्वास्थ्य, *दर्शनावली*-६, नेपाल प्रज्ञा-प्रतिष्ठान।

रेग्मी, रामराज (२०७६), साङ्ख्यदर्शन : नेपाल र नेपालीको गौरव, दर्शनावली-६, नेपाल प्रज्ञा-प्रतिष्ठान।

साङ्कृत्यायन, राहुल (२०७३), *दर्शनदिग्दर्शन,* नारायणप्रसाद आचार्य, अक्षरदीप प्रकाशन दिननाथ घिमिरे।